**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २३ जून २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. १८ औं लोकसभाको पहिलो सत्र भोली सुरु हुनेछ।

२. नीट-यूजी परीक्षामा पेपर लीक मामिलामा केन्द्रीय अन्वेषण ब्यूरो, सीबीआई-ले एफ.आइ.आर दर्ता गरेर जाँच शुरू गरेको छ।

३. पश्चिम बङ्गाल पुलिसको विशेष कार्यबलले 'शाहदत' नामक आतङ्ककारी मोड्युललाई भण्डाफोर गरेको छ।

४. भारतीय नेपाली साहित्य क्षेत्रका लोकप्रिय कथाकार विनीता छेत्रीको कृति एकलो लुङ्दर हिजो विधिवत् रूपमा लोकार्पण भयो।

५. दार्जीलिङमा प्रथमपल्ट ६३ औं अन्डर १७ गर्ल्स सुब्रतो मुखर्जी फूटबल प्रतियोगिता हुने भएको छ।

**लोकसभा सत्र**

१८ औं लोकसभाको पहिलो सत्र भोली सुरु हुनेछ। नयाँ निर्वाचित सांसदहरुलाई यस सत्रमा शपथ ग्रहण गराइने छ। भाजपाका वरिष्ठ सांसद भर्तृहरि महताबले लोकसभाको नयाँ सांसदहरुलाई शपथ ग्रहण गराउनु हुनेछ। श्री महताबलाई लोकसभाको अस्थाई अध्यक्ष बनाइएको छ। नयाँ लोकसभाको अध्यक्षको चुनाव २६ जूनमा हुनेछ। २७ जुनमा लोकसभा र राज्यसभाको संयुक्त सत्र राष्ट्रपति द्रौपदी मुर्मूको अभिभाषणबाट प्रारम्भ हुनेछ। यो सत्र ३ जुलाईसम्म चल्ने छ।

****** ० ******

**सीबीआई- नीट परीक्षा**

नीट-यूजी परीक्षामा पेपर लीक मामिलामा केन्द्रीय अन्वेषण ब्यूरो, सीबीआई-ले एफ.आइ.आर दर्ता गरेर जाँच शुरू गरेको छ। सूत्र अनुसार यो एफ.आई.आर शिक्षा मन्त्रालयको उच्च्व शिक्षा विभागका निदेशकको गुनासो पछि गरिएको हो। मामिलाको जाँचको निम्ति ब्यूरोको विशेष दलहरूको गठन गरिएको छ जो पटना अनि गोधरा जानेछ। त्यहाँ स्थानीय पुलिसले पनि मामलाको दर्ता गरेको छ। एफआईएरमा उल्लेख गरिएको छ, एन.ई.ई.टी- यू.जी २०२४ परीक्षा गत महिनाको ५ तारिखमा राष्ट्रीय परीक्षण एजेन्सीद्वारा आयोजित गरिएको थियो अनि २३ लाखभन्दा अधिक उम्मेद्वारहरू परीक्षामा सामेल भएका थिए। गुनासोमा यो पनि उल्लेख गरिएको छ कि यस परीक्षाको आयोजनको अवधि केही राज्यहरूमा अलग-अलग घटनाहरू घटेका थिए। शिक्षा मन्त्रालयले अनियमितताहरूको बारेमा ब्यूरोलाई व्यापक जाँच गर्ने अनुरोध गरेको छ। यसमा उम्मेद्वारहरू, संस्थानहरू, षड़यन्त्रकारीहरूद्वारा गरिएको षड़यन्त्र, धोखाधड़ी, प्रमाणहरूको नष्ट अनि अन्य अनियमितताहरू सामेल रहेको छ। मन्त्रालयले परीक्षाको संचालनसित जुड़िएका लोक सेवकहरूको भूमिकाको जाँचको निम्ति पनि ब्यूरोसित अनुरोध गरेको छ। यसै बीच, नीट यु.जी परीक्षा २०२४ मा ग्रेस या क्षतिपूरक अंक प्राप्त गर्ने सबै १ हजार ५ सय ६३ विद्यार्थीहरूको पुनः परीक्षा आज संचालन भयो भने अर्कोतर्फ आज हुने मेडिकल स्नातकोत्तर प्रवेश परीक्षा नीट पी.जी स्थगित गरियो अनि परीक्षाको नयाँ मिति छिट्टै घोषणा गरिनेछ।

****** ० ******

**एसटीएफ एरेस्ट**

पश्चिम बङ्गाल पुलिसको विशेष कार्यबलले 'शाहदत' नामक आतङ्ककारी मोड्युललाई भण्डाफोर गरेको छ। यो मोड्युल बंगलादेशको प्रतिबन्धित आतंकवादी संगठन अन्सार अल-इस्लामको शाखा हो, जुन अन्तर्राष्ट्रिय आतंकवादी संगठन अल-कायदासँग जोडिएको छ। संगठनका प्रमुख मोहम्मद हबिबुल्लाहलाई हिजो राति पश्चिम वर्धमान जिल्लाको कानकासाबाट पक्राउ गरिएको हो। मोहम्मद हबिबुल्लाह विरुद्ध गैरकानूनी गतिविधि रोकथाम अधिनियम र भारतीय दंड संहिताका धेरै धाराहरू अन्तर्गत मुद्दा दर्ता गरिएको छ। पक्राउपछि उनलाई दुर्गापुर अदालतले १४ दिनको लागि विशेष कार्यबलको हिरासतमा पठाएको छ।

****** ० ******

**दिनहटा बम**

लोकसभा चुनाउपछि पनि कुचबिहार जिल्लाको दिनहाटामा अशान्तिको वातावरण छ। दिनहटा-२ नम्बर ब्लकको साहेबगञ्ज सचितानन्दन नयाँ बजार क्षेत्रबाट दुईवटा ताजा बम फेला परेको छ। बम फेला परेपछि सम्पूर्ण क्षेत्रमा त्रासको वातावरण छ।

****** ० ******

**पी.एस गोले- यूनियन मिनिस्टर**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा संसदीय कार्यमन्त्री किरेन रिजिजूसित भेट गर्नुभयो। नयाँ दिल्लीमा श्री रिरिजजूको कार्यालयमा भएको यस बैठकमा कतिपय सम्बन्धित मुद्दाहरूमा छलफल भएको मुख्यमन्त्रीका श्रोतले बताएका छन्। आफनो सामाजिक संजाल एक्स-मा श्री तामाङले संसदीय कार्यमन्त्री नियुक्त गरिएकोमा श्री रिजिजूलाई बधाई र शुभकामना दिएको बताउनु भएको छ। श्री तामाङले श्री रिजिजूको सफल कार्यकालको लागि पनि शुभकामना दिनुभएको छ।

****** ० ******

**कृति लोकार्पण**

भारतीय नेपाली साहित्य क्षेत्रका लोकप्रिय कथाकार विनीता छेत्रीको तेस्रो कृति एकलो लुङ्दर हिजो दार्जीलिङको नेपाली साहित्य सम्मेलन भवनको सूधपा प्रेक्षागृहमा विधिवत् रूपमा लोकार्पण भयो। कार्यक्रममा प्रमुख अतिथिका रूपमा वीणा हाङ्खिम उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिहरूमा महेन्द्र प्रधान, अजित बस्नेत,दलसिंह अकेला, सञ्जीव छेत्री आदि उपस्थित थिए। यसरी नै आज लोकप्रिय गीतकार, गजलगो, कवि कमल रेग्मीद्वारा सङ्कलित एवम् सम्पादित भारतीय नेपाली गीत सञ्चयन (भाग १) को लोकार्पण दार्जीलिङको नेपाली साहित्य सम्मेलन भवनमा गरियो। उक्त सङ्कलनमा लगभग १८० जना भारतीय नेपाली गीतकारहरूका गीतहरू सङ्कलित छन। आजको कार्यक्रममा प्रमुख अतिथिका रूपमा नन्द हाङ्खिम उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिहरूमा सुरज मोक्तान, आरती राई, देवेन्द्र प्रधान, नवीन पौड्याल आदि उपस्थित थिए। कार्यक्रमलाई सुनील राई प्रणामीले सञ्चालन गर्नु भएको थियो।

****** ० ******

**शेर्पा- संवर्द्धना**

डेन्जोङ शेर्पा एशोसिएशनको तत्वावधानमा आज इक्लिप्स रेजोर्ट गान्तोकमा आयोजित एक भव्य कार्यक्रममा सिक्किम विधानसभाका नवनिर्वाचित अध्यक्ष मिङ्मा नोर्बु शेर्पालाई बधाई अनि सम्वर्धना जनाइयो। यस भव्य कार्यक्रममा डेन्जोङ शेर्पा एशोसिएशनका सदस्यहरूले अध्यक्ष श्री शेर्पालाई सम्मान जनाए पश्चात ग्लोबल शेर्पा एशोसिएशनको तर्फबाट पनि उहाँलाई सम्मान पत्र प्रदान गरियो। यसरी नै अल इण्डिया शेर्पा बुद्धिष्ट एसोसिएशनद्वारा पनि उहाँलाई सम्वर्द्धना जनाइयो। आजको यस कार्यक्रममा दार्जीलिङबाट हिमालयन शेर्पा कल्चर सोसाइटीद्वारा पनि श्री शेर्पालाई शोर्के गरियो। यस अवधि सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

****** ० ******

**दार्जीलिङ लक्ष्य समूह**

दार्जीलिङ नगरपालिका क्षेत्रमा भइरहेको बहुतले भवन निर्माणमाथि नगरपालिका प्रशासनले शीघ्र रोक लगाउनुपर्ने लक्ष्य समूहले माग गरेको छ। यसका साथै सरकारी जमीन कब्जा गरेर निर्माण गरिएको भवन तथा अन्यमाथि पनि कठोर पदक्षेप ग्रहण गर्नुपर्ने समूहले माग गरेको छ। समूहका कार्यकर्ता राजेश गुरूङले साँझ पर्न साथ दार्जीलिङको चौरास्तादेखि केभन्टर्स अधिसम्म व्यापक रूपमा लगाइने गरिएको दोकानहरूमाथि पनि छानबीन गर्नुपर्ने साथै शहरका अन्य स्थानका हकर्सहरूको पनि छानबिन गर्नुपर्ने पनि माग गरेका छन्।

****** ० ******

**आशा संगठन- बिजनबारी**

आशा संघर्ष सङ्गठन दार्जिलिङ पुलबजार खण्डको आज बार्षिक आमसभा सम्पन्न भयो। स्थानीय बिजनबारी डिग्री कलेजको प्रेक्षगृहमा सम्पन्न कार्यक्रममा प्रमुख रूपमा दार्जिलिङ पुलबजार खण्ड आशा कर्मचारीका संयोजक प्रकाश वाल्मीकि उपस्थित थिए भने उनीसँगै सङ्गठनका अध्यक्षा रिना तामाङ लगायतका अन्य पदाधिकारीगणको पनि उपस्थिति रहेको थियो।

****** ० ******

**क्रामाकपा**

सन् १९५५ को श्रमिक आन्दोलनमा चियाश्रमिकहरूका हक र अधिकारका लागि आफ्नो प्राणोत्सर्ग गर्नेहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्न आगामी २५ जूनको दिन क्रामाकपाको श्रमिक संगठनले दार्जीलिङको चोक बजारमा एउटा जनसभा आयोजन गर्ने भएको छ।

****** ० ******

**पीएम-श्यामा प्रसाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रख्यात विचारक एवं शिक्षाविद डाक्टर श्यामा प्रसाद मुखर्जीलाई उहाँको शहिदी दिवसमा श्रद्धांजलि अर्पण गर्नुभयो। सोशल मीडिया पोस्ट मार्फत श्री मोदीले भन्नुभयो डाक्टर मुखर्जीले स्वयमको जीवन भारत माताको सेवामा समर्पित गर्नु भएको थियो। उहाँले डाक्टर मुखर्जीको ऊर्जावान व्यक्तित्व देशको प्रत्येक पीढीलाई प्रेरित गरिरहने छ भनी बताउनु भयो।

****** ० ******

**दार्जीलिङ फुटबल**

दार्जीलिङमा प्रथमपल्ट ६३ औं अण्डर १७ गर्ल्स सुब्रतो मुखर्जी फूटबल प्रतियोगिता हुने भएको छ। आगामी २७ र २८ जूनका दिन लेबोङस्थित गोर्खा स्टेडियममा सम्पन्न हुने यस प्रतियोगितामा उत्तर बंगालका विभिन्न जिल्लाका दलहरूले भाग लिने भएका छन्। यसका साथै आयोजक समितिले दार्जीलिङ पहाड़ी क्षेत्रका प्रत्येक स्कूलहरूलाई पनि विद्यार्थीहरूको टीम बनाएर यस प्रतियोगितामा भाग लिन व्यवस्था गरिदिने आह्वान गरेको छ।

****** ० ******

**सिलगढी र्‍याली**

सिलगढी नगरनिगमको २६ नम्बर वार्डमा आइतबार डेंगु सचेतना रयाली निकालयो। सलिड वेस्ट म्यानेजमेन्ट कमेटीको पहलमा निकालिएको उक्त र्‍यालीले वार्ड कमिटी कार्यालय अगाडिबाट सुरु भएर सम्पूर्ण वार्डको परिक्रमा गरेको थियो।

****** ० ******

************